कर्णाली प्रदेश सरकार
उद्योग,पर्यटन वन तथा वातावरण मन्त्रालय
**उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय**
खलंगा, सल्यान

**निजी रोजगारदातासँगको सहकार्यमा सञ्चालन हुने सिप विकास तालिम कार्यक्रम माग गर्ने सम्बन्धि प्रस्ताव आह्वानको सूचना।**

**सूचना प्रकाशित मिति: २०८३।०६।२१**

यस कार्यालयको चालु आ.व. २०८३।०८४ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार निजी रोजगारदातासँगको सहकार्यमा सिप विकास तालिम कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले सल्यान जिल्ला स्थित ईच्छुक निजि रोजगारदाता/फर्म/कम्पनि/उद्योग/ व्यवसाय प्रतिष्ठान तथा सम्बन्धित संस्थाहरुबाट देहायका शर्तहरुको अधिनमा रहि प्रस्ताव आह्वान गरिएको व्यहोरा जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**१.कार्यक्रमको उदेश्य :**

निजि क्षेत्रका रोजगारदाता तथा व्यावसायिक प्रतिष्ठानसंगको सहकार्यमा स्थानिय आवश्यक्ता, बजार माग र रोजगारीको सम्भावनामा आधारित सिप विकास तालिम सञ्चालन गरि प्रशिक्षार्थीलाई रोजगार तथा स्वरोजगारका लागि आवश्यक व्यवसायिक सिप प्रदान गर्नु यस कार्यक्रमको मुख्य उदेश्य रहेको छ ।

**२.प्रस्ताव पेश गर्न सक्ने निकाय :**

तपसिल बमोजिमका निजि रोजगारदाताहरुले प्रस्ताव पेश गर्ने सक्नेछन :

- प्रचलित कानुन बमोजिम दर्ता भएका उद्योग, फर्म, कम्पनि तथा व्यवसाय प्रतिष्ठान ।
- सम्बन्धित सिप तथा व्यवसायसंग प्रत्यक्ष रुपमा आवद्ध निजि रोजगारदाता ।
- तालिम पछि प्रशिक्षार्थीलाई रोजगारी वा कार्यअवसर उपलब्ध गराउन सक्ने निजि क्षेत्रका व्यवसाय प्रतिष्ठान ।
- सम्बन्धित सिपमा प्रयास कार्यअनुभव, दक्ष जनशक्ती तथा आवश्यक पुर्वाधार भएका रोजगारदाता ।
- प्रचलित कानुन बमोजिम सञ्चालनमा रहेका निजि रोजगारदाता/फर्महरु।

**३.प्रस्तावमा समावेश गर्नुपर्ने विषयहरु :**

**क)संस्थागत विवरण :**

- संस्थाको नाम, ठेगाना तथा सम्पर्क नम्वर ।
- संस्था/फर्म/कम्पनि/दर्ता प्रमाणपत्रको प्रतिलिलि ।
- PAN/VAT दर्ता प्रमाणपत्रको प्रतलिपि ।
- सम्बन्धित व्यवसाय सञ्चालनको विवरण तथा अनुभव ।
- प्रस्तावित तालिमको विवरण ।
- तालिमको नाम तथा प्रकृति ।
- तालिम सञ्चालन गर्नुपर्ने आवश्यक्ता तथा औचित्य ।
- तालिमबाट उपेक्षित उपलब्धि ।
- तालिमको अवधि, दैनिक कार्य घण्टा र कुल प्रशिक्षण घण्टा ।
- प्रशिक्षार्थीको संख्या तथा छनौटको आधार ।
- तालिम सञ्चालन गर्ने संस्था ।
- तालिमको मोडल तथा विषयवस्तु ।

**क) निजि रोजगारदाताको योगदान**

- तालिम स्थल तथा आवश्यक पुर्वाधार उपलब्ध गराउने ।
- उपकरण तथा मेशिनरी प्रयोगको व्यवस्था गर्ने ।
- प्रशिक्षक/प्राविधिक जनशक्ती उपलब्ध गराउने ।

२०८३।०६।२१

- तालिम सामाग्रीमा योगदान गर्ने ।
- तालिम पश्चात प्रशिक्षार्थीलाई रोजगारी/कार्यअबसर उपलब्ध गराउने ।
- आवश्यक्ता अनुसार अन्य आर्थिक वा वस्तुगत योगदान गर्ने ।

**४) प्रस्तावसंग संलग्न गर्नुपर्ने कागजातहरु :**

- प्रस्तावसंग देहायका कागजातहरु अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

१.संस्था/फर्म/कम्पनि दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
२. PAN/VAT प्रमाणपत्रको प्रतिलिपि ।
३.करचुक्ता प्रमाणपत्र/सम्बन्धित प्रमाण ।
४.सम्बन्धित व्यवसाय/सिप क्षेत्रमा काम गरेको अनुभव भए सो को प्रमाण ।
५.प्रशिक्षकको योग्यता ।
६.आवश्यक पुर्वाधार तथा उपकरणको विवरण ।
७.विस्तृत लागत अनुमान ।
८.रोजगारी उपलब्ध गराउने प्रतिवद्धता पत्र ।
९.संस्थाको तर्फबाट प्रस्ताव पेश गर्न अधिकार प्राप्त व्यक्तिको परिचय तथा सम्पर्क नम्बर ।

**५)प्रस्ताव पेश गर्ने अवधि र स्थान :**

ईच्छुक निजि रोजगारदाता/संस्थाले यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा आफ्नो प्रस्ताव आवश्यक कागजात सहित यस कार्यालयमा पेश गर्नुपर्नेछ ।

प्रस्ताव पेश गर्ने अवधि : २०८३।०६।२१ गते देखि २०८३।०७।१३ गते सम्म (मिति २०८३।०६।३१ गतेदेखि २०८३।०७।०८ गते सम्म विजया दशमीको सार्वजनिक विदा भएकाले प्रस्ताव पेश गर्ने अवधि २०८३।०७।१३ गते सम्म कायम गरिएको)

**प्रस्ताव पेश गर्ने स्थान :** उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय सल्यान
**सम्पर्क फोन नं :** ०८८-५२००१२
**मोवाईल नं :** ९८५७८५५९८४/९८५७८२४३१२
**Email:** udyogsalyan@gmail.com

२०८३।०६।२१
श्यामलाल खराल
कार्यालय प्रमुख